# प्रेस विज्ञप्ती

ग्राहकहरुलाई यथासक्य सहुलियत दरमा दूरसञ्चार सेवा उपलब्ध गराउने नेपाल टेलिकमको नीतिअनुसार कम्पनीले विगतमा पनि विभिन्न सेवाहरुको महसुल दर परिमार्जन गरी ग्राहकहरुलाई सहुलियत प्रदान गर्दै आएको सञ्चारकर्मी मित्रहरुलाई अवगत नै छ । यसैक्रममा कम्पनीले हालै आफ्ना विभिन्न सेवाहरुको महसुल दर परिमार्जन गरी लागू गर्ने तयारी गरेको सहर्ष जानकारी गराउँछु ।

राष्ट्र निर्माण हाम्रो लक्ष्यको मूल नारा सहित सेवा विस्तारमा जुटेको नेपाल टेलिकमको २०६६ चैत्र मसान्तसम्मको कुल ग्राहक आधार ५१,७०,४५१ पुगेकोसमेत यस अवसरमा जानकारी गराउँछु ।

स्वच्छ र पारदर्शी प्रतिस्पर्धामा प्रतिवद्ध नेपाल टेलिकमले सहुलियत दरमा दूरसञ्चार सेवा उपलब्ध गराउन तथा ग्रामीण क्षेत्रका विपन्न वर्गमा सेवाको पहुँच पुऱ्याउन जोड दिँदै आएको छ ।

## १. महसुल परिमार्जन

क) नेपाल टेलिकमबाट सञ्चालनमा ल्याइएको अत्याधुनिक 3G Mobile सेवाको विद्यमान Subscription Charge मा कटौती गरिएको छ । 3G Postpaid Mobile सेवाको विद्यमान Subscription Charge रु.४,१३०।- लाई परिमार्जन गरी रु.२,१३०।- कायम गरिएको छ भने 3G Prepaid Mobile सेवाको Subscription Charge रु.२,५००।- लाई घटाएर रु.१,५००।- कायम गरिएको छ । यी दुवै (प्रिपेड र पोष्टपेड) सेवामा ग्राहकको Talk Value रु.१ हजार कायम गरिएको छ ।

ख) 3G Postpaid GSM Mobile सेवाको प्रवर्द्धनको लागि नयाँ 3G Postpaid Mobile सेवा Subscription गर्ने ग्राहकहरुलाई १०० Mb बराबरको GPRS ईन्टरनेट सेवा निःशुल्क उपलब्ध गराईनेछ ।

ग) कम्पनीको मोबाइल सेवा (GSM/CDMA) को SIM/RUIM Card को Replacement Charge रु.५६५।-(भ्याट सहित) लाई कटौती गरी रु.२५०।-(भ्याट सहित) कायम गरिएको छ ।

उपरोक्त व्यवस्था **मिति २०६७ जेष्ठ १० गतेबाट लागू हुने** जानकारी गराउँछु । यसबाट ग्राहक महानुभावहरुलाई सर्वसुलभ रुपमा कम्पनीका अत्याधुनिक सुविधाहरु उपभोग गर्न सहज हुने अपेक्षा कम्पनीले लिएको छ ।

मिति २०६७ बैशाख मसान्तसम्म GPRS सेवाको विद्यमान Usage Charge मा छुट दिई २५ पैसा (कर बाहेक) प्रति १०० Kb तथा EVDO र PDSN सेवाको विद्यमान Usage Charge मा छुट दिई १५ पैसा (कर बाहेक) प्रति १०० Kb कायम भइरहेकोमा यस व्यवस्थालाई मिति २०६७ जेष्ठ १ गतेदेखि २०६७ असार मसान्तसम्म निरन्तरता दिईएको छ ।

## २. Volume Based ADSL वितरण सम्बन्धी नयाँ व्यवस्था :

क) Volume Based ADSL Package को वितरण 512 Kbps बाट प्रारम्भ गरिने भएको छ । यो भन्दा बढी Speed ग्राहकहरुलाई आवश्यक भएमा Bandwidth Ondamand प्रयोग गरी उच्च गतिको Bandwidth (1 Mbps सम्म ) छनौट गर्न सकिने छ ।

ख) विद्यमान अनलिमिटेड प्याकेजका ग्राहकहरुको प्याकेजको अवधि सकिएपछि Volume Based Package मा परिवर्तन गर्न सकिने छ । यसरी परिवर्तन गर्दा कुनै रजिष्ट्रेसन शुल्क नलाग्ने व्यवस्था गरिएको छ ।

ग) अनलिमिटेड प्याकेज सम्बन्धी विद्यमान व्यवस्थामा रु.१ सय पोर्ट शुल्क टेलिफोन विलमा समावेश गरिँदै आएकोमा उक्त शुल्कलाई अनलिमिटेड प्याकेजको रकम मै समावेश गर्ने व्यवस्था गरिएको छ ।

घ) Volume Based ADSL Package न्यूनतम ३ महिनाको लागि लिनुपर्ने व्यवस्था गरिएको छ । साथै उक्त अवधिको Data Volume समाप्त भएपछि पुनः ३ महिनाको लागि नै रिचार्ज गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**Volume Based ADSL वितरण सम्बन्धी यो व्यवस्था जेठ १६ गते देखि लागू हुनेछ ।**

## ३. अन्तर्राष्ट्रिय कल सम्बन्धी नयाँ व्यवस्था :

नेपाल टेलिकमले उपभोक्ताहरुलाई सहुलियत दरमा अन्तर्राष्ट्रिय कल सेवा उपलब्ध गराउने सन्दर्भमा थप नयाँ व्यवस्था गरेको छ ।
पहिले PCC र PCL सेवा मार्फत अन्तर्राष्ट्रिय एक्सेस कोड १४२४ डायल गरी १२ वटा देश ( भारत, चीन, पाकिस्तान, बङगलादेश, थाइलैण्ड, सिंगापुर, मलेसिया, दक्षिण कोरिया, हङकङ, ताइवान, अमेरिका र क्यानडा ) मा सस्तो दरमा अन्तर्राष्ट्रिय कल गर्न सकिने सुविधा भएकोमा निकट भविष्यमा थप ६ वटा देश (जापान, अष्ट्रेलिया, बेलायत, रुस इजरायल र मकाउ ) मा पनि यो सुविधा उपलब्ध गराइने भएको छ । साथै उल्लेखित राष्ट्रहरु बाहेक बजेट कल सुविधा भएका देशहरुमा पनि अन्तर्राष्ट्रिय एक्सेसकोड १४२४ डायल गरी प्रतिमिनेट रु. २० मा कल गर्न सकिने व्यवस्था मिलाइएको छ । यो सुविधा PCC र PCL सेवा बाहेक अन्तर्राष्ट्रिय कल सुविधा भएका PSTN, GSM, र CDMA फोनबाट पनि सिधै अन्तर्राष्ट्रिय एक्सेसकोड १४२४ डायल गरी उपभोग गर्न सकिने छ ।

यस्तैगरी दोस्रो चरणमा SIP (Session Initiation Protocol) मा आधारित फोन सेवा (**इजी फोन सेवा**) सञ्चालन गर्न लागिएको छ । इजिफोन सेवामा आफ्नो कम्प्यूटरलाई फोनको रुपमा प्रयोग गरी इन्टरनेट मार्फत संसार भरी कल गर्न सकिन्छ । यो फोन सेवा लिएका ग्राहकहरुले कल गर्न नेपाल टेलिकमबाट एउटा खाता नम्बर (Account Number) र पासवर्ड (Password) लिनुपर्छ । सो खाता नम्बर र पासवर्ड, इजिकल प्रिपेड कलिङ्ग कार्डको कार्ड नम्बर र पिन कोड अथवा पि.एस.टि.एन क्रेडिट लिमिट सेवाको खाता नम्बर र पासवर्ड हुन सक्छ ।

आफ्नो कम्प्यूटरमा इजिफोन सेवाको सफ्टवेयर (Software) टेलिकमको वेवसाइट (www.ntc.net.np) बाट Download गरी उपरोक्त खाता नम्बर (Account Number) र पासवर्ड (Password) दिई इन्टरनेट सुविधा भएका संसारको जुनसुकै ठाँउमा कल गर्न सकिन्छ ।

SIP फोनबाट हुने कल सेवा ( इजि फोन सेवा ) केही दिन पछि शुरु गर्ने गरी गृहकार्य भइरहेको छ ।

**यी सेवाहरुको महसुल दर निम्नानुसार रहेको छ ।**

| मुलुकहरु | PSTN, GSM/ CDMA सेवाबाट IP नेटवर्कमार्फत अन्तर्राष्ट्रिय कोड १४२४ डायल गरी) हुने कलको महसुल दर रु. प्रति मिनेट | SIP फोनबाट हुने कलको महसुल दर रु. प्रति मिनेट |
|---|---|---|
| भारत,चीन,अमेरिका, क्यानाडा हङकङ, थाइल्याण्ड, सिंङ्गापुर | रु.४।- | रु.३।- |
| मलेसिया, दक्षिण कोरिया मकाउ | रु.६।- | रु.५।- |
| बंगलादेश, पाकिस्तान इजरायल, ताइवान | रु.८।- | रु.६।- |
| जापान, रुस | रु.१०।- | रु.८।- |
| वेलायत, अष्ट्रेलिया | रु.१२।- | रु.१०।- |
| वजेट कल भएका अन्य मुलुकहरु | रु.२०।- | रु.२०।- |

- PCL/PCC ग्राहकहरुले SIP Account प्रयोग गरी कम्पनीको PSTN/GSM र CDMA नेटवर्कमा Terminate गरिने कलको महसुल दर रु.८। प्रति मिनेट कायम गरिएको छ ।
- SIP Terminal (PCL) बाट SIP Terminal (PCL) मा गरिने कल महसुल दर रु.१। प्रति मिनेट कायम गरिएको छ ।

**माथि उल्लेखित महसुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन ।**

**४.यस आर्थिक वर्षको शुरु गत श्रावण महिना देखि गत चैत्र महिनासम्म ग्राहक आधार निम्नानुसार वृद्धि भएको जानकारी गराउँदछु ।**

२०६६ आषाढसम्म कम्पनीको कुल ग्राहक आधार जम्मा ४२,४४,८३० भएकोमा २०६६ चैत्र मसान्तसम्ममा ग्राहक आधार ९,२५,६२१ ले वृद्धि भई ५१,७०,४५१ पुगेको छ । त्यसमध्ये :

- २०६६ आषाढसम्ममा पिएसटिएन टेलिफोन ग्राहक आधार ५,६२,१६२  भएकोमा २०६६ चैत्र मसान्तसम्ममा यसमा वृद्धि भई ग्राहक आधार ५,७६,९८० पुगेको छ ।
- २०६६ आषाढ मसान्तमा जिएसएम मोवाइल सेवाको ग्राहक आधार २९,६४,७१३ रहेकोमा २०६६ चैत्र मसान्तसम्ममा यसमा ७,७५,०२० लाइन वृद्धि भई ३७,३९,७३३ पुगेको छ ।
- २०६६ आषाढसम्म सिडिएमए सेवाको ग्राहक आधार ७,१७,९५५ भएकोमा २०६६ चैत्र मसान्तसम्ममा यसमा १,३५,७८३ लाइन वृद्धि भई ८,५३,७३८ पुगेको छ ।
- २०६६ आषाढ मसान्तसम्म इन्टरनेट सेवाको कूल ग्राहक आधार ९५,४९३ रहेकोमा २०६६ चैत्र मसान्तसम्ममा यसमा  १,११,४७४ लाइन वृद्धि भई २,०६,९६७ पुगेको छ । यसमध्ये सिडिएमए (PDSN + PCMCIA ) का ग्राहक ६०,३३७, जिएसएमका ( GPRS )  ग्राहक १,०३,४८७ , डायल अपका ९,३६३ र एडिएसएल का ग्राहक ३३,७८० रहेका छन् ।
- चलु आ.व. ०६६।०६७ को नौ महिना ( चैत्र मसान्त सम्म ) कम्पनीको कुल राजस्व १९ अरब ४८ करोड ( unadited ) रहेको छ भने कर पछिको नाफा करिब ७ अरब ७५ करोड (unadited ) हुने अनुमान गरिएको छ ।

. . .. . .. . .

सुरेन्द्र प्रसाद थिके

प्रवक्ता

नेपाल टेलिकम

२०६७।०२।०६